पछिल्लो समय बाँके, जुम्ला, ताप्लेजुङ लगायत देशका विभिन्न जिल्लाहरुमा भएको भिषण आगलागीको कारण ठूलो संख्यामा भौतिक सम्पत्तीको क्षति हुनुका साथै जनजीवन प्रभावित बनेको छ । यस सम्बन्धमा समिति नेपाल सरकार, गृह मन्त्रालयलाई देहाय बमोजिमको निर्देश गर्दछ :-

- विपद् व्यवस्थापन सम्बन्धमा यसअघि विभिन्न मितिहरुमा समितिले दिएका निर्देशनहरुको कडाइका साथ कार्यान्वयन गर्ने गराउने,
- बाँके, जुम्ला, ताप्लेजुङ लगायत मुलुकको विभिन्न स्थानमा आगलागीबाट प्रभावित व्यक्तिहरुलाई तत्काल उद्दार, राहत, घाइतेहरुको निःशुल्क औषधोपचार एवम् अस्थायी वासस्थानको व्यवस्था मिलाउने,
- प्रभावित व्यक्तिहरुलाई दैनिक जीवन सञ्चालनको लागि अत्यावश्यक उपभोग्य सामाग्रीहरु तत्काल उपलब्ध गराउने,
- मुलुकमा अझै आगलागीको सम्भावना रहेको र यसले जनधनको व्यापक क्षति पुग्न सक्ने हुँदा सम्वन्धित निकायहरुलाई आगलागी नियन्त्रणको लागि आवश्यक साधन स्रोत सहित पूर्वतयारी अवस्थामा राख्न आवश्यक व्यवस्था मिलाउने,
- प्रभावित व्यक्तिहरुको सुरक्षित वासस्थानको लागि सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गरी प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्ने गराउने,
- आगलागी जस्ता विपद्को समयमा हुन सक्ने महिला एवम् बालबालिकाहरुमाथि हुन सक्ने सम्भावित दुरव्यवहार, बलात्कार लगायतका घटनाहरुप्रति सजक रही भरपर्दो सुरक्षा प्रवन्ध मिलाउने,
- भविष्यमा हुन सक्ने आगलागीका सम्भावित घटनाहरुको रोकथाम तथा न्यूनीकरणको लागि उच्च सतर्कताका साथ आवश्यक सावधानी अपनाउने ।